# तमानखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## बोंगादोभान, बागलुङ

प.सं.०८१/०८२
च.नं.

गण्डकी प्रदेश, नेपाल
मितिः २०८१।०५।२८

**विषय : मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्चका लागि नवीकरण गर्ने सम्बन्धी जरुरी सूचना ॥**

प्रस्तुत विषयमा नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार प्रत्येक आ.व. को शुरुमा लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा नवीकरण गर्नुपर्ने व्यवस्था भएकोले आ.व. २०८०।०८१ मा यस तमानखोला गाउँपालिकाबाट औषधी उपचार खर्च लिएका सो कार्यविधि अनुसार औषधी उपचार खर्च पाउनुपर्ने लाभग्राहीहरुले तपशिल बमोजिमको कागजात सहित आ-आफ्नो वडा कार्यालयमा २०८१ आश्विन १५ गतेसम्म निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपशिल :**

१. नविकरणको लागि सम्बन्धीत विरामीको निवेदन ।
२. विरामीको नागरिकता/जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
३. मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोग भएको प्रमाणित कागजात ।
४. क्यान्सर रोग पहिचान भई उपचार पछि निको भईसकेका क्यान्सर विरामीको हकमा चिकित्सकको ३/३ महिना भित्र निरन्तर निगरानीमा (close follow up) रहेको प्रमाणित कागजात ।
५. मेरुदण्ड पक्षघातको हकमा अपांगता सम्बन्धी प्राप्त गरेको परिचय पत्रको प्रतिलिपि ।
६. विरामीको बैंक खाता नम्वरको चेकको प्रतिलिपि ।

५।२८

ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

**श्री वडा कार्यालयहरु सबै (तमानखोला गाउँपालिका)** : उपचार खर्च पाउने लाभग्राहीहरुको विवरण सहित उल्लेखित आवश्यक कागजात संलग्न गरी मिति २०८१ आश्विन२० गते भित्र यस कार्यालयको स्वास्थ्य शाखामा पेश गर्नुहुन ।